# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

**<u>ईंटा उद्योगको चिम्नीबाट उत्सर्जन हुने धुवाँ, चिम्नीको उचाई तथा ईंटा उद्योगको सञ्चालन सम्बन्धी मापदण्ड, २०८२</u>**

**<u>प्रस्तावना</u>** : ईंटा उद्योगको चिम्नीबाट उत्सर्जन हुने प्रदूषणको असर न्यूनीकरण गर्न वाञ्छनीय भएकोले,

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रीस्तर) ले देहायको मापदण्ड बनाएको छ ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस मापदण्डको नाम "ईंटा उद्योगको चिम्नीबाट उत्सर्जन हुने धुवाँ, चिम्नीको उचाई तथा ईंटा उद्योगको सञ्चालन सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२.** **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "Bull's Trench Kiln" भन्नाले भुइँमा खनेको वा पर्खाल लगाएर बनाइएको लामो, अण्डाकार वा गोलाकार खाडल भएको भट्टामा ईंटाहरू मिलाएर राखी निरन्तर चक्रमा आगो लगाई पकाइने र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिसो गरिने स्थिर चिम्नी भएको परम्परागत ईंटा उद्योग सम्झनु पर्छ।

(ख) "Hoffmann Kiln" भन्नाले Friedrich Hoffmann को डिजाइन अनुसारको गोलाकार वा अण्डाकार चेम्बरमा निरन्तर चक्रमा ईंटा पकाइने संरचना भएको ईंटा उद्योग सम्झनु पर्छ।

(घ) "Particulate Matter" भन्नाले चिम्नीबाट उत्सर्जित धुवाँमा तैरिएका सम्पूर्ण कण सम्झनु पर्छ।

(ग) "Vertical Shaft Brick Kiln" भन्नाले ईंटा शाफ्ट (Shaft) को श्रृङ्खलामा ठाडो रूपमा पकाइने स्थिर चिम्नी भएको एक प्रकारको ईंटा उद्योग सम्झनु पर्छ ।

३. **चिम्नीबाट उत्सर्जन हुने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड :** (१) ईंटा उद्योगको चिम्नीबाट उत्सर्जन हुने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| १. | Particulate Matter (Maximum limit) mg/Nm$^3$ in stack emission | 250 |
| २. | Height of Stack Minimum limit | |
| Types of Kiln | | Height of stack Minimum limit (meter) |
| A | Bull's Trench Kiln Natural Draft (Fixed Chimney) and Hoffmann Kiln Natural Draft | 30 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| B | Bull's Trench Kiln Forced Draft (Fixed Chimney) and Hoffmann Kiln Forced Draft | 17 |
| C | Vertical Shaft Brick Kiln (VSBK) | 15 |
| D | Tunnel Kiln | 10 |
| E | Hybrid Hoffmann Kiln (HHK) | 7 |
| ($mg/Nm^3$ एकाइ भन्नाले साधारण चाप (१ atm) र तापक्रम (२५°C) मा प्रति घनमिटर आयतनमा जम्मा हुने प्रदूषकको milligram परिमाणलाई जनाउँछ)। | | |

(२) Particulate Matter को परीक्षण विधि Gravimetric Analysis वा ISO 9096:2017 वा नेपाल सरकारले तोके वा सिफारिस गरे बमोजिम हुनेछ।

<u>द्रष्टव्य:</u>

(क) Emission sample shall represent both charging and non-charging conditions.

(ख) Particulate matter (PM) results to be normalized at 4 % CO2 as below
PM (normalized) = (PM (Measured) X 4%)/measured $CO_2$

(ग) Sampling port shall be located at the height more than 2 times a chimney diameter (inner diameter of chimney at the base) from upper surface of duct. For the rectangular cross section, the equivalent diameter (De) will be calculated from the following equation to determine upstream distance.
De = 2LW/(L+W)
Where L = length and W = width

(घ) Above standard shall be applicable for all kind of fuel.

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो मापदण्ड प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका ईंटा उद्योगको हकमा यो मापदण्ड प्रारम्भ भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मितिले दुई वर्ष पछि मात्र लागु हुनेछ। त्यस्ता ईंटा उद्योगको लागि सो अवधिभर पुरानो मापदण्ड नै लागु हुनेछ।

४. **<u>ईंटा उद्योगको सञ्चालन सम्बन्धी मापदण्ड</u>** : ईंटा उद्योगको सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) नयाँ स्थापना हुने फिक्स्ड चिम्नी बुल्स ट्रेन्च क्लिन (Bull's Trench Kiln) ले अनिवार्य रूपमा जिग ज्याग टेक्नोलोजी (Zig-Zag Technology) अवलम्बन गर्नु पर्ने,

(ख) हाल सञ्चालनमा रहेका र जिग-ज्याग टेक्नोलोजी अवलम्बन नगरेका फिक्स्ड चिम्नी बुल्स ट्रेन्च क्लिनले यो मापदण्ड प्रारम्भ भएको मितिले दुई वर्ष भित्रमा जिग ज्याग टेक्नोलोजीमा रुपान्तरण गरिसक्नु पर्ने,

(ग) ईंटा उद्योगले इन्धनको रूपमा पेट कोक, टायर, टायरजन्य वस्तु, प्लाष्टिक तथा प्लाष्टिकजन्य वस्तु र जोखिमपूर्ण फोहोर प्रयोग गर्न नपाइने,

(घ) नयाँ स्थापना हुने ईंटा उद्योगले चिम्नीमा अनिवार्य रूपमा स्थायी Sampling Port, Sampling Platform र भऱ्याङ्ग निर्माण गर्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने र यो मापदण्ड प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका ईंटा उद्योगले स्थायी Sampling Port, प्रदूषण मापन गर्नका लागि भऱ्याङ्ग र Sampling Platform को व्यवस्था गर्नु पर्ने,

(ङ) उद्योग परिसरमा नियमित रूपमा पानी छर्कने र सरसफाई गर्नु पर्ने,

(च) उद्योगबाट निस्कने खरानी पूर्ण रूपमा उद्योगमा पुनः उत्पादन प्रक्रियामा नै प्रयोग गर्नु पर्ने,

(छ) कच्चा पदार्थ तथा तयारी ईंटा ओसारपसार गर्ने सवारी साधन धुलो नउड्ने गरी ढाकिएको हुनु पर्ने।

५. **खारेजी र बचाउ :** (१) खण्ड ६७, सङ्ख्या ५२, मिति २०७४।१०।८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित ईंटा उद्योगबाट निस्कने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
**डा. गोविन्द प्रसाद शर्मा**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।